# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, मंसीर २६ गते २०३२ साल [ अतिरिक्ताङ्क ४१

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिम संविधानको दोस्रो संशोधन सर्व-साधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्री मन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

## शाही घोषणा

**नेपालको संविधानमा संशोधन गर्न वाञ्छनीय भएकोले हामी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

295

**धारा ८२ अनुसार विशेष समितिको सल्लाह र सम्मतिले यो संशोधन जारी गरिबक्सेका छौं ।**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो संशोधनलाई नेपालको संविधान (दोस्रो संशोधन), २०३२ भनिनेछ ।

(२) यो संशोधनको धारा ३६ र ३७ **श्री ५** बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेका मितिदेखि र अन्य धाराहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **नेपालको संविधानको धारा ८ मा संशोधन :** नेपालको संविधान (यसपछि संविधान भनिएको) को धारा ८ को उपधारा (२) को खण्ड (घ) को सट्टा निम्नलिखित खण्ड (घ) राखिएको छः–

"(घ) कानूनमा व्यवस्था भए बमोजिमको नेपाली उत्पत्तिका व्यक्तिको हकमा कम्तीमा दुई वर्ष, नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी स्वास्नीमानिसको हकमा कम्तीमा पाँच वर्ष र अरूको हकमा कम्तीमा पन्ध्र वर्षको अवधिसम्म नेपालमा बसोबास गरेको ।"

३. **संविधानको धारा १९ मा संशोधन :** संविधानको धारा १९ को उपधारा (३) मा रहेको "सम्मिलित गराई र" र "निजी उद्यम" भन्ने शब्दहरूको बीचमा "साझा र" भन्ने शब्दहरू थपिएको छ ।

४. **संविधानको धारा २० मा संशोधन :** संविधानको धारा २० को उपधारा (१) मा रहेको "श्री ५ बडामहाराज" भन्ने वाक्यांशको सट्टा "श्री ५ बडामहाराजाधिराज" भन्ने वाक्यांश राखिएको छ ।

५. **संविधानको धारा २२ मा संशोधन :** संविधानको धारा २२ मा रहेको "धारा ८६" भन्ने वाक्यांशको सट्टा "धारा २२क" भन्ने वाक्यांश राखिएको छ ।

६. **संविधानको धारा ८६ को स्थानान्तर :** संविधानको धारा ८६ लाई धारा २२ पछि धारा २२ क गरी स्थानान्तर गरिएको छ ।

७. **संविधानमा धारा २२ ख थप :** धारा ६ बमोजिम स्थानान्तर भै हुन आएको संविधानको धारा २२ क पछि निम्नलिखित धारा २२ ख थपिएको छः–

"२२ख. **श्री ५ को झण्डा** : चतुरस्त्र आकार, सिम्रिक रङ्गको भूइं, सेतो किनारा, झण्डाको दण्डीतिरको माथिल्लो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनामा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार, दण्डीको पल्लापट्टिको माथिल्लो कुनामा बाह्रकोणयुक्त सूर्यको सेतो आकार, मध्य भागमा पञ्चतत्वको प्रतीक पारेर रेखाङ्कन गरिएको सेतो झण्डा रहेको र सो झण्डाको दण्डीलाई अगाडिको दुबै हातले समाती पछाडिको दांया खुट्टाले दण्डीको फेदलाई आड दिई सम्मुख मुख पारी उभिएको सेतो सिंह भएको परम्परागत झण्डा **श्री ५** को झण्डा हो।"

८. **संविधानको धारा २३ मा संशोधन**: संविधानको धारा २३ को,–

(१) उपधारा (२) को खण्ड (ग) पछि निम्नलिखित खण्ड (घ) थपी भइरहेको खण्ड (घ), (ङ), (च) र (छ) लाई क्रमशः खण्ड (ङ), (च), (छ) र (ज) गरी त्यसरी हुन आएको खण्ड (ज) पछि निम्नलिखित खण्ड (झ) थपी भइरहेको खण्ड (ज), (झ), (ञ), (ट), (ठ) र (ड) लाई क्रमशः खण्ड (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) गरी राखिएको छः–

"(घ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको अध्यक्ष पदेन सदस्य;

(झ) अख्तियार दुरूपयोग निवारण आयोगको प्रमुख आयुक्त पदेन सदस्य;"

(२) उपधारा (३) मा रहेको "खण्ड (ड)" भन्ने वाक्यांशको सट्टा "खण्ड (ण)" भन्ने वाक्यांश राखिएको छ।

(३) उपधारा (६) को खण्ड (ख) को सट्टा निम्नलिखित खण्ड (ख) राखिएको छः–

"(ख) सो बैठकले **श्री ५** को उमेर अठार वर्षभन्दा कम भएमा **श्री ५** बाट बनाइबक्सेको नियमको अधीनमा रही राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा गर्नेछ।

तर यस खण्ड बमोजिम घोषणा भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राज्यसहायक वा राज्यसहायक परिषद् **श्री ५** अठार वर्ष पुगिबक्सेपछि कायम रहने छैन ।"

(४) उपधारा (७) को खण्ड (ख) को सट्टा निम्नलिखित खण्ड (ख) राखिएको छः—

"(ख) राजसभाले हो भनी सम्पूर्ण सदस्य संख्याको कम्तीमा तीन खण्डको दुई खण्ड बहुमतले निर्णय गरेमा श्री ५ युवराजाधिराज अठार वर्ष पुगिबक्सेको रहेछ भने मौसूफलाई राज्यसहायक घोषणा गर्नेछ र अरू अवस्थामा **श्री ५** बाट बनाइबक्सेको नियमको अधीनमा रही राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा गर्नेछ ।

तर यस खण्ड बमोजिम घोषणा गरिएको राज्य-सहायक वा राज्यसहायक परिषद् **श्री ५** को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेमा वा पुनः राजकीय कार्यभार वहन गर्न समर्थ होइबक्सिन्छ भनी मौसूफबाट राजसभालाई सूचनाक बसेमा **श्री ५** बाट बनाइबक्सेको नियमको अधीनमा रही कायम रहने छैन ।"

९. **संविधानको धारा २५ मा संशोधन** : संविधानको धारा २५ को उपधारा (३) को अन्तमा निम्नलिखित वाक्य थपिएको छः—

"मौसूफको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गरिबक्सेको अवस्थामा पनि उपयुक्त सम्झिबक्सेमा प्रधान मन्त्री वा उप-प्रधान मन्त्री वा दुबै नियुक्त गर्न सकिबक्सनेछ ।"

१०. **संविधानको धारा २६ मा संशोधन** : संविधानको धारा २६ को सट्टा निम्नलिखित धारा २६ राखिएको छः—

"२६. **श्री ५ का मन्त्रीहरू** : (१) **श्री ५** बाट राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट प्रधान मन्त्री, उपप्रधान मन्त्री र अन्य मन्त्रीहरू नियुक्त गरिबक्सनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ बाट उपयुक्त सम्झिबक्सेमा राष्ट्रिय पञ्चायतको सदस्य नभएको कुनै व्यक्तिलाई पनि बढीमा एक वर्षसम्मको लागि नियुक्त गर्न सकिबक्सनेछ ।

(२) उपधारा (१) बमोजिम प्रधान मन्त्री, उपप्रधान मन्त्री र अन्य मन्त्रीहरूको नियुक्ति गरिबक्सँदा श्री ५ बाट चाहिबक्सेमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्श लिइबक्सनेछ ।

(३) मन्त्रीहरू श्री ५ प्रति सामूहिक र पृथक् रूपमा उत्तरदायी हुनेछन् र आफ्नो मन्त्रालयको कामको लागि प्रत्येक मन्त्रीको व्यक्तिगत जिम्मेवारी रहनेछ ।

(४) प्रधान मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्:–

(क) लिखित राजीनामा श्री ५ बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नियुक्त भएको भए त्यसरी नियुक्त भएको एक वर्षसम्ममा राष्ट्रिय पञ्चायतको सदस्य हुन नसकेमा;

(घ) आफ्नो पदको जिम्मेवारी ईमानदारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्यसंख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेको प्रस्ताव श्री ५ बाट स्वीकृत गरिबक्सेमा; वा

(ङ) श्री ५ बाट हटाइबक्सेमा ।

(५) उपप्रधान मन्त्री र अन्य मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुने छन्:–

(क) उपधारा (४) का खण्डहरूमा लेखिएका अवस्थामा; वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 222

(ख) प्रधान मन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन भएको भए निज आफ्नो पदबाट मुक्त भएमा।"

११. **संविधानको धारा २६ क मा संशोधन :** संविधानको धारा २६ क को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) धारा २६ को उपधारा (२), (३), खण्ड (ग) बाहेक उपधारा (४) र उपधारा (५) को खण्ड (ख) मा लेखिएका कुराहरू राज्यमन्त्रीका हकमा पनि लागू हुनेछ।"

१२. **संविधानको धारा २७ मा संशोधन :** संविधानको धारा २७ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) धारा २६ को उपधारा (२), (३), खण्ड (ग) बाहेक उपधारा (४) र उपधारा (५) को खण्ड (ख) मा लेखिएका कुराहरू सहायक मन्त्रीका हकमा पनि लागू हुनेछ।"

१३. **संविधानको धारा ३० मा संशोधन :** संविधानको धारा ३० को सट्टा निम्नलिखित धारा ३० राखिएको छः–

"३०. **गाउँ सभा र नगर सभा :** (१) कानून बमोजिम तोकिएको कुनै एक गाउँ वा गाउँको भाग वा गाउँहरूको समूहमा गाउँ सभा र नगरमा नगर सभा रहनेछ।

(२) गाउँ सभा र नगर सभाको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।"

१४. **संविधानको धारा ३१ मा संशोधन :** संविधानको धारा ३१ को सट्टा निम्नलिखित धारा ३१ राखिएको छः–

"३१. **गाउँ पञ्चायत र नगर पञ्चायत :** (१) प्रत्येक गाउँ सभा र नगर सभाको एउटा कार्यकारिणी समिति रहनेछ जसलाई क्रमशः गाउँ पञ्चायत र नगर पञ्चायत भनिनेछ।

(२) गाउँ पञ्चायत र नगर पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।"

१५. **संविधानको धारा ३२ मा संशोधन :** संविधानको धारा ३२ को उपधारा (१) र (२) को सट्टा निम्नलिखित उपधारा (१) र (२) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) प्रत्येक जिल्लामा एउटा जिल्ला सभा रहनेछ ।

(२) प्रत्येक जिल्ला सभाको एउटा कार्यकारिणी समिति रहनेछ जसलाई जिल्ला पञ्चायत भनिनेछ ।"

१६. **संविधानको धारा ३३ मा संशोधन :** संविधानको धारा ३३ को सट्टा निम्नलिखित धारा ३३ राखिएको छ:–

"३३. **अञ्चल सभा :** अञ्चलभित्रका जिल्ला पञ्चायतहरूका सम्पूर्ण सदस्यहरूको समूहलाई अञ्चल सभा भनिनेछ ।"

१७. **संविधानको धारा ३४ मा संशोधन :** संविधानको धारा ३४ को सट्टा निम्नलिखित धारा ३४ राखिएको छ:–

"३४. **राष्ट्रिय पञ्चायतको गठन :** (१) नेपालमा एउटा राष्ट्रिय पञ्चायत रहनेछ जो पञ्चायती व्यवस्थाको सबभन्दा माथिल्लो तह हुनेछ र जसको गठन, काम, कर्तव्य र अधिकार यस संविधानमा लेखिए बमोजिम हुनेछ ।

(२) राष्ट्रिय पञ्चायतमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:–

(क) अनुसूची ४ बमोजिमका निर्वाचित सदस्यहरू, र

(ख) खण्ड (क) बमोजिमको सम्पूर्ण सदस्य संख्याको बीस प्रतिशत **श्री ५** बाट मनोनीत सदस्यहरू ।

(३) उपधारा (२) को खण्ड (क) बमोजिमका सदस्यहरूको निर्वाचन कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) राष्ट्रिय पञ्चायत लगायत पञ्चायतका सबै तहका निकायका सदस्यहरूको निर्वाचनको निमित्त नेपालका सम्पूर्ण अञ्चलहरूलाई चार समूहमा विभाजन गरिनेछ र यो उपधारा प्रारम्भ भएपछि प्रत्येक वर्ष एक समूहमा निर्वाचन गरिनेछ । कुन अञ्चललाई कुन समूहमा समावेश गर्ने भन्ने कुरा र समूहहरूको निर्वाचनक्रम निर्वाचन आयोगले निर्धारण गर्नेछ । त्यसरी निर्धारण गरेको कुराको सूचना निर्वाचन आयोगले सम्बन्धित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूहमा निर्वाचनसमय प्रारम्भ हुनु अगावै नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(५) उपधारा (२) र उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपधारा प्रारम्भ हुँदाका बखत कायम रहेका अञ्चल सभाद्वारा निर्वाचित र श्री ५ बाट मनोनीत राष्ट्रिय पञ्चायतका सदस्यहरु आफ्नो पदावधिभर धारा ३८ को उपधारा (१) को खण्ड (क), (ख), (ग) र (घ) र उपधारा (२) को अधीनमा रही कायम रहनेछन् ।

(६) उपधारा (५) बमोजिम कायम रहेको निर्वाचित सदस्यको स्थान उपधारा (४) बमोजिम सम्बन्धित समूहमा निर्वाचन हुने सालभन्दा अगाडि रिक्त भएमा त्यसको पूर्ति सो सदस्य जुन कानून अनुसार निर्वाचित भएको थियो सोही अनुसार गरिनेछ ।

(७) उपधारा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपधारा बमोजिम कायम रहेको निर्वाचित सदस्य र उपधारा (६) बमोजिम निर्वाचित सदस्यको पदावधि उपधारा (४) बमोजिम सम्बन्धित समूहमा निर्वाचन हुने सालको पौष मसान्तमा समाप्त हुनेछ ।

(८) अनुसूची ४ लाई समय समयमा ऐनद्वारा संशोधन गर्न सकिनेछ ।"

**१८. संविधानको धारा ३५ मा संशोधन :** संविधानको धारा ३५ को, –

(१) खण्ड (ग) झिकिएको छ ।

(२) खण्ड (घ) को सट्टा निम्नलिखित खण्ड (घ) राखिएको छः–

"(घ) बहालवाला सरकारी कर्मचारी हुनु हुँदैन ।"

(३) खण्ड (च) मा रहेको "ऐनले" भन्ने शब्दको सट्टा "कानूनले" भन्ने शब्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. **संविधानको धारा ३७ मा संशोधन** : संविधानको धारा ३७ को सट्टा निम्नलिखित धारा ३७ राखिएको छः–

"३७. **सदस्यहरूको पदावधि** : (१) राष्ट्रिय पञ्चायतका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(२) यो धारा बमोजिम निर्वाचित सदस्यको पदावधि समाप्त हुने गणना गर्दा धारा ३४ को उपधारा (४) बमोजिम सम्बन्धित समूहमा अर्को पटक निर्वाचन हुने सालको पौष मसान्तमा समाप्त भएको मानिनेछ ।

(३) कुनै कारणवश निर्धारित समयमा कुनै समूहको कुनै निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचन भए सरह सम्झी गणना गरिनेछ ।

(४) निर्वाचित वा मनोनीत सदस्यहरूको पदावधि निर्वाचन वा मनोनयन भएको मितिदेखि प्रारम्भ हुनेछ ।"

२०. **संविधानको धारा ३८ मा संशोधन** : संविधानको धारा ३८ को सट्टा निम्नलिखित धारा ३८ राखिएको छः–

"३८. **स्थानको रिक्तता** : (१) राष्ट्रिय पञ्चायतका सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछः–

(क) मृत्यु भएमा;

(ख) राष्ट्रिय पञ्चायतको अध्यक्षलाई लिखित सूचनाद्वारा राजीनामा दिएमा;

(ग) धारा ३५ अनुसारको योग्यता नरहेमा;

(घ) राष्ट्रिय पञ्चायतको स्वीकृति नलिई लगातार एक महीनासम्म राष्ट्रिय पञ्चायतको बैठकमा अनुपस्थित रहेमा;

(ङ) धारा ३७ अनुसार पदावधि समाप्त भएमा; वा

(च) कानूनमा व्यवस्था भए बमोजिम प्रत्याह्वान गरिएमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर प्रधान मन्त्री, उपप्रधान मन्त्री, अन्य मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीको पदमा नियुक्त सदस्यलाई प्रत्याह्वान गर्न सकिने छैन ।

(२) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको छैन भनी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले ठह्याई प्रतिवेदन पेश गरेमा र सो प्रतिवेदन श्री ५ बाट स्वीकृत गरिबक्सेमा राष्ट्रिय पञ्चायतको त्यस्तो सदस्य निष्काशित भएको मानिनेछ र निजको स्थान स्वतः रिक्त हुनेछ ।

तर त्यस्तो आरोप लागेको राष्ट्रिय पञ्चायतको सदस्यलाई आफ्नो सफाइ दिनको निमित्त मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

(३) राष्ट्रिय पञ्चायतको कुनै सदस्यता रिक्त हुन आएमा त्यसको पूर्ति यथाशीघ्र गरिनेछ । जुन सदस्यको स्थान रिक्त भएको छ सो सदस्य निर्वाचित भएको भए निर्वाचनद्वारा र मनोनीत भएको भए मनोनयनद्वारा पूर्ति गरिनेछ ।

(४) कुनै सदस्यको स्थान सो सदस्यको पदावधि समाप्त नहुँदैमा रिक्त हुन गयो भने निजको स्थानमा बाँकी रहन गएको पदावधिको निमित्त मात्र निर्वाचन वा मनोनयन हुन सक्नेछ ।"

**२१. संविधानको धारा ३९ मा संशोधन :** संविधानको धारा ३९ को सट्टा निम्नलिखित धारा ३९ राखिएको छः—

"**३९. अध्यक्ष :** (१) राष्ट्रिय पञ्चायतका सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमत प्राप्त गर्ने राष्ट्रिय पञ्चायतको सदस्यलाई राष्ट्रिय पञ्चायतको सिफारिशमा श्री ५ बाट राष्ट्रिय पञ्चायतको अध्यक्ष नियुक्त गरिबक्सनेछ । अध्यक्ष पदमा नियुक्त हुन सिफारिश गरिनको लागि कुनै पनि सदस्यले आवश्यक बहुमत प्राप्त गर्न नसकेको व्यहोरा राष्ट्रिय पञ्चायतबाट श्री ५ का हजूरमा जाहेर भएमा गाउँफर्क राष्ट्रिय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभियान केन्द्रीय समितिको परामर्शमा राष्ट्रिय पञ्चायतको सदस्यहरूमध्येबाट मौसूफबाट राष्ट्रिय पञ्चायतको अध्यक्ष नियुक्त गरिबक्सनेछ।

(२) राष्ट्रिय पञ्चायतको अध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(३) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद देहायका अवस्थामा रिक्त हुनेछः–

(क) लिखित राजीनामा श्री ५ बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (२) अनुसार पदावधि समाप्त भएमा;

(घ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सिफारिश अनुसार **श्री ५** बाट हटाइबक्सेमा; वा

(ङ) निजले आफ्नो पदको जिम्मेवारी ईमानदारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा।

(४) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा वा अस्वस्थता वा अरू कुनै कारणले राष्ट्रिय पञ्चायतको अध्यक्ष आफ्नो पदको काम गर्न असमर्थ भएमा **श्री ५** बाट राष्ट्रिय पञ्चायतको उपाध्यक्षलाई राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्न अधिकृत गर्न सकिबक्सनेछ।

(५) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशीघ्र उपधारा (१) बमोजिम गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(६) राष्ट्रिय पञ्चायतको अध्यक्षको नियुक्ति नहुन्जेलसम्मका लागि राष्ट्रिय पञ्चायतको उपाध्यक्ष पनि नभएको अवस्थामा **श्री ५** बाट तोकिबक्सेको व्यक्तिले राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्नेछ।"

**२२. संविधानको धारा ४० मा संशोधन :** संविधानको धारा ४० को सट्टा निम्नलिखित धारा ४० राखिएको छः—

"४०. **उपाध्यक्ष :** (१) राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमत प्राप्त गर्ने राष्ट्रिय पञ्चायतको सदस्यलाई राष्ट्रिय पञ्चायतको सिफारिशमा **श्री ५** बाट राष्ट्रिय पञ्चायतको उपाध्यक्ष नियुक्त गरिबक्सनेछ। उपाध्यक्ष पदमा नियुक्त हुन सिफारिश गरिनको लागि कुनै पनि सदस्यले आवश्यक बहुमत प्राप्त गर्न नसकेको व्यहोरा राष्ट्रिय पञ्चायतबाट **श्री ५** का हजूरमा जाहेर भएमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्शमा राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट मौसूफबाट राष्ट्रिय पञ्चायतको उपाध्यक्ष नियुक्त गरिबक्सनेछ।

(२) राष्ट्रिय पञ्चायतको उपाध्यक्षले राष्ट्रिय पञ्चायतको अध्यक्षको अनुपस्थितिमा राष्ट्रिय पञ्चायतका बैठकहरूको सभापतित्व गर्नेछ र धारा ३९ को उपधारा (४) अनुसार अधिकृत भएमा राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्नेछ।

(३) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(४) यसअघिका उपधाराहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपधारा प्रारम्भ हुँदाका बखत कायम रहेको राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदावधि निज उपाध्यक्ष छानिएको मितिले दुई वर्षसम्म उपधारा (५) को खण्ड (क), (ख), (घ) र (ङ) को अधीनमा रही कायम रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछः–

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (३) अनुसार पदावधि समाप्त भएमा;

(घ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सिफारिश अनुसार **श्री ५** बाट हटाइबक्सेमा; वा

(ङ) निजले आफ्नो पदको जिम्मेवारी ईमानदारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा।

(६) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशीघ्र उपधारा (१) बमोजिम गरिनेछ।"

२३. **संविधानको धारा ४१ मा संशोधन** : संविधानको धारा ४१ को, –

(१) उपधारा (१) मा रहेको "एक्काईस जना" भन्ने शब्दहरूको सट्टा "उपधारा (२) बमोजिमका पदेन सदस्यहरूको अतिरिक्त चौध जना" भन्ने शब्दहरू राखिएको छ।

(२) उपधारा (२) मा रहेको "कानून मन्त्री" भन्ने शब्दहरूको सट्टा "कानून तथा न्याय मन्त्री" भन्ने शब्दहरू राखिएको छ।

(३) उपधारा (२) पछि निम्नलिखित स्पष्टीकरण राखिएकोछः– "स्पष्टीकरण– यस उपधाराको प्रयोजनको निमित्त "मन्त्री" भन्नाले मन्त्री नियुक्त नभएको अवस्थामा मन्त्री सरह कार्यभार सम्हाल्ने राज्यमन्त्री सम्झनु पर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3237

२४. **संविधानको धारा ४१ क मा संशोधन** : संविधानको धारा ४१ क को सट्टा निम्नलिखित धारा ४१ क राखिएको छः–

"४१ क. **अन्य समितिहरू** : (१) राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई मुलुकको शासनमा बढी मात्रामा शरीक गराउने उद्देश्यले राष्ट्रिय पञ्चायतका विभिन्न विषयका समितिहरू रहनेछन्।

(२) उपधारा (१) बमोजिमका समितिहरूको गठन, काम, कारवाई र राष्ट्रिय पञ्चायतको विषयसंग सम्बन्धित अरू समितिहरूको व्यवस्था राष्ट्रिय पञ्चायतको नियमावलीमा भए बमोजिम हुनेछ"।

२५. **संविधानको धारा ४२ मा संशोधन** : संविधानको धारा ४२ को उपधारा (३), (४), (५) र (६) को सट्टा निम्नलिखित उपधारा (३), (४), (५) र (६) राखिएको छ :–

"(३) **श्री ५** बाट राष्ट्रिय पञ्चायतको अधिवेशनको अन्त गर्न सकिबक्सनेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भको बीचको अवधि सामान्यतः एक वर्षभन्दा बढी हुने छैन ।

(४) राष्ट्रिय पञ्चायतको बैठक स्थगित भएको बखतमा, राष्ट्रिय पञ्चायतको बैठक शीघ्रतर बोलाउन आवश्यक सम्झिबक्सेमा **श्री ५** बाट त्यस्तो बैठक बस्ने मिति र समय तोक्न सकिबक्सनेछ र त्यसरी तोकिएको मिति र समयमा राष्ट्रिय पञ्चायतको बैठक बस्नेछ,

(५) राष्ट्रिय पञ्चायतको बैठक राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही पारित भएको कुनै प्रस्ताव अनुसार स्थगित हुन सक्नेछ ।

(६) राष्ट्रिय पञ्चायतको बैठक राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही साामान्यतः खुला रूपमा हुनेछ ।"

२६. **संविधानको धारा ४५ मा संशोधन** : संविधानको धारा ४५ को सट्टा निम्नलिखित धारा ४५ राखिएको छः–

"४५. **बहसमा बन्देज** : (१) **श्री ५**, श्री ५ बडामहारानी र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजपरिवारका अन्य सदस्यहरूको आचरणका सम्बन्धमा राष्ट्रिय पञ्चायतमा कुनै छलफल गर्न पाइने छैन ।

तर यस उपधारामा भएको कुनै कुराले पनि **श्री ५ को** सरकारको आलोचना गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(२) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सिद्धान्त विरूद्ध राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन ।

(३) कुनै न्यायाधीशले आफ्नो कर्तव्यपालनको सिलसिलामा गरेको कुनै कार्यको विषयमा राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन ।

(४) नेपालको कुनै अदालतको समक्ष विचाराधीन रहको कुनै मुद्दासम्बन्धी कुरामा राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन ।

२७. **संविधानको धारा ४८ मा संशोधन :** संविधानको धारा ४८ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छ:–

"(२) उपधारा (१) को कुनै पनि कुरा धारा २६ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नियुक्त **श्री ५** का मन्त्रीलाई लागू हुने छैन र निजले राष्ट्रिय पञ्चायतको बैठकमा उपस्थित हुन र राष्ट्रिय पञ्चायतको कारवाईमा भागलिन पाउनेछन् ।

तर राष्ट्रिय पञ्चायतको सदस्य नभएसम्म निजले त्यहाँ मतदान गर्न पाउने छैनन् ।"

२८. **संविधानको धारा ४९ मा संशोधन :** संविधानको धारा ४९ को सट्टा निम्नलिखित धारा ४९ राखिएको छ:–

"४९. **गणपूरक संख्या** : राष्ट्रिय पञ्चायतको गणपूरक संख्या राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको चार खण्डको एक खण्ड हुनेछ । राष्ट्रिय पञ्चायतको बैठक बस्दा वा बसेको समयमा गणपूरक संख्या पुगेको छैन भनी अध्यक्षता गर्ने ब्यक्तिको ध्यान आकर्षित गराइयो भने निजले राष्ट्रिय पञ्चायतको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
222

नियमावलीको अधीनमा रही सो संख्या नपुगेसम्म बैठकको कार्य निलम्बन गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ।"

२९. **संविधानको धारा ५० मा संशोधन :** संविधानको धारा ५० को उपधारा (१) को सट्टा निम्नलिखित उपधारा (१) राखिएको छः–

"(१) यस संविधानमा लेखिएका कुराहरूका अधीनमा रही आफ्नो वा आफ्ना समितिहरूको कार्यसञ्चालन गर्न, बैठक बसेको समयमा व्यवस्था कायम राख्न, धारा ४१ क अन्तर्गतका समितिहरूको गठन, काम, कारवाई र अरू कुनै कुरा नियमित गर्नको निमित्त राष्ट्रिय पञ्चायतले नियमावली बनाउन सक्नेछ। त्यस्तो नियमावली **श्री ५** बाट स्वीकृति बक्सेपछि लागू हुनेछ।"

३०. **संविधानको धारा ५२ मा संशोधन :** संविधानको धारा ५२ को सट्टा निम्नलिखित धारा ५२ राखिएको छः–

"५२. **शपथ** : राष्ट्रिय पञ्चायतको प्रत्येक सदस्यले राष्ट्रिय पञ्चायत वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भागलिनु अगावै राष्ट्रिय पञ्चायतको अध्यक्ष, निजको अनुपस्थितिमा उपाध्यक्ष वा धारा ३९ को उपधारा (६) बमोजिम तोकिए व्यक्तिको समक्ष निर्धारित रूपमा शपथ ग्रहण गर्नु पर्नेछ।"

३१. **संविधानको धारा ५५ मा संशोधन** : संविधानको धारा ५५ को सट्टा निम्नलिखित धारा ५५ राखिएको छः–

"५५. **विधेयक प्रस्तुत गर्न सकिने** : (१) राष्ट्रिय पञ्चायतका कुनै सदस्यले यो संविधान र धारा ५० अन्तर्गत बनेको नियमावलीको अधीनमा रही धारा ४१ क अन्तर्गत गठित सम्बन्धित समितिमा विधेयक पेश गर्न सक्नेछ।

तर–

(क) देहायको कुनै विषयसम्बन्धी विधेयक वा

संशोधन **श्री ५** को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री बाहेक अरूले प्रस्तुत गर्नुभन्दा अघि **श्री ५** को अनुमति प्राप्त गर्नु पर्नेछ र त्यस्तो अनुमति **श्री ५** को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीद्वारा प्राप्त हुनेछ । **श्री ५** बाट त्यस्तो अनुमति बक्सनु अगाडि राजसभासंग परामर्श गर्न सकिबक्सनेछ:–

(१) कर लगाउने वा उठाउने वा करको दर बढाउने;

(२) सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम बढाउने;

(३) राजपरिवारको खर्चसम्बन्धी कुरा; वा

(४) श्री ५ को सरकारको दायित्वको ऋण र जमानतसम्बन्धी कुरा ।

(ख) धारा १७ को उपधारा (२) मा उल्लेख गरिएको कुनै वा सबै उद्देश्यले बनेको भनी प्रस्तावनामा लेखिएको विधेयक वा संशोधन **श्री ५** को अनुमतिविना प्रस्तुत गरिने छैन र त्यस्तो अनुमति राष्ट्रिय पञ्चायतको सचिवद्वारा प्राप्त हुनेछ । **श्री ५** बाट त्यस्तो अनुमति बक्सनु अगाडि राजसभासंग परामर्श गर्न सकिबक्सनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शाही नेपाली सेना र सशस्त्र प्रहरीसम्बन्धी विधेयक वा संशोधन सम्बन्धित समितिमा **श्री ५** को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीले मात्र प्रस्तुत गर्न सक्नेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम समितिमा विधेयक पेश भएपछि समितिद्वारा राष्ट्रिय पञ्चायतको नियमावली बमोजिम कारवाई भई राष्ट्रिय पञ्चायतमा प्रस्तुत हुनेछ ।"

३२. **संविधानको धारा ५७ मा संशोधन** : संविधानको धारा ५७ को उपधारा (२) को खण्ड (क) र (ग) को सट्टा निम्नलिखित खण्ड (क) र (ग) राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

"(क) जारी भएपछि बसेको राष्ट्रिय पञ्चायतमा पन्ध्र दिनभित्र पेश गरिनेछ;

(ग) खण्ड (ख) बमोजिम खारेज नभएमा राष्ट्रिय पञ्चायतको बैठक बसेको साठी दिनपछि स्वत: निष्क्रिय हुनेछ ।"

३३. **संविधानको धारा ६१ मा संशोधन** : संविधानको धारा ६१ को खण्ड (ख) र (ग) को सट्टा निम्नलिखित खण्ड (ख) र (ग) राखिएको छ:–

"(ख) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक:–

(१) प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू;

(२) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका अध्यक्ष र सदस्यहरू;

(३) राजसभा स्थायी समितिका सभापति र सदस्यहरू;

(४) अख्तियार दुरूपयोग निवारण आयोगका प्रमुख आयुक्त र आयुक्तहरू;

(५) महालेखा परीक्षक;

(६) लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरू; र

(७) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू ।

(ग) सर्वोच्च अदालत, गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति, राजसभा, अख्तियार दुरूपयोग निवारण आयोग, महालेखा परीक्षकको विभाग, लोक सेवा आयोग र निर्वाचन आयोग-सम्बन्धी प्रशासनिक व्ययहरू ।"

३४. **संविधानको धारा ६६ मा संशोधन** : संविधानको धारा ६६ को सट्टा निम्नलिखित धारा ६६ राखिएको छ:–

"६६. **आकस्मिक कोष** : ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र सो कोषमा मन्त्रिपरिषद्को परामर्शमा श्री ५ बाट समय समयमा निधो गरिबक्से अनुसार रकम जम्मा गरिनेछ । श्री ५ बाट स्वीकृति बक्से बमोजिम सो कोषबाट आकस्मिक कार्यका लागि खर्च गरिनेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**३५. संविधानको भाग १० क मा संशोधन :** संविधानको भाग १० क को सट्टा निम्नलिखित भाग १० क राखिएको छ:–

## "भाग १० क

## पञ्चायतका वर्गीय संगठनहरू

**६७ क. वर्गीय संगठनहरूको व्यवस्था :** (१) व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्गको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्ने पञ्चायत प्रणालीको उद्देश्य अनुरूप विभिन्न वर्गको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्रनिर्माणको काममा लगाउन र स्थानीय पञ्चायतहरूलाई जनपरिचालनमा सघाउ पुऱ्याउन देहाय बमोजिम वर्गीय संगठनहरूको स्थापना र संचालन गरिनेछ:–

(१) नेपाल किसान संगठन;

(२) नेपाल युवक संगठन;

(३) नेपाल महिला संगठन;

(४) नेपाल प्रौढ संगठन;

(५) नेपाल मजदूर संगठन; र

(६) नेपाल भूतपूर्व सैनिक संगठन।

(२) पञ्चायतका कुनै पनि तहको निकायको सदस्य पदमा निर्वाचित हुन र कायम रहन उपधारा (१) मा उल्लिखित वर्गीय संगठनहरूमध्ये कुनै एक संगठनको कानूनमा व्यवस्था भए बमोजिमको सक्रिय सदस्यता प्राप्त गर्न अनिवार्य हुनेछ।

(३) उपधारा (१) मा उल्लिखित वर्गीय संगठनहरूको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. **संविधानको भाग १० ख मा संशोधन** : संविधानको भाग १० ख को सट्टा निम्नलिखित भाग १० ख राखिएको छः–

**"भाग १० ख**

**गाउँफर्क राष्ट्रिय अभियान**

**६७ ख. गाउँफर्क राष्ट्रिय अभियान** : (१) यो संविधान र **श्री ५** बाट नेपाल र नेपालीको हितको लागि समय समयमा बक्सेको मार्गप्रदर्शनका अधीनमा रही देहाय बमोजिमको काम गर्न गाउँफर्क राष्ट्रिय अभियान सञ्चालन गरिनेछः–

(क) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको राजनीतिक सिद्धान्तको प्रतिपादन, व्याख्या र प्रचार;

(ख) पञ्च कार्यकर्ताहरूको प्रशिक्षण, सुसंगठन, योग्यता निर्धारण र मूल्यांकन;

(ग) राजनीतिक कार्यक्रमको तर्जुमा, राजनीतिक सञ्चालन, पञ्च भेलाको आयोजन र पञ्चायतका विभिन्न निकायहरूका बीच राजनीतिक सञ्चार; र

(घ) कानूनमा व्यवस्थित अन्य काम ।

(२) उपधारा (१) मा उल्लिखित काममा आवश्यकता अनुसार **श्री ५** बाट आदेशद्वारा थपघट गर्न सकिबक्सनेछ । त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशित हुनेछ ।

(३) गाउँफर्क राष्ट्रिय अभियानको एक केन्द्रीय समिति रहनेछ ।

(४) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधि **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।

(५) गाउँफर्क राष्ट्रिय अभियानको केन्द्रीय समिति बाहेक अन्य तहका समितिहरूको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधि गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनाएको नियम बमोजिम हुनेछ र सो नियम **श्री ५** बाट स्वीकृति बक्सेपछि लागू हुनेछ ।

(६) **श्री ५** बाट समय समयमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिलाई निर्देशन दिन सकिबक्सनेछ ।

(७) यो संविधानको अन्य धारामा वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस धारा अन्तर्गत बनेको नियममा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।"

**३७. संविधानमा भाग १० ग थप** : संविधानको भाग १० ख पछि निम्नलिखित भाग १० ग थपिएको छः–

### "भाग १० ग

### अख्तियार दुरुपयोग निवारण आयोग

**६७ ग. अख्तियार दुरुपयोग निवारण आयोग** : (१) अख्तियारको दुरुपयोग हटाउन एक अख्तियार दुरुपयोग निवारण आयोग (यस भागमा यसपछि आयोग भनिएको) रहनेछ जसमा प्रमुख आयुक्त र आवश्यक भएमा **श्री ५** बाट निर्धारित गरिबक्से जति संख्यामा अन्य आयुक्त रहने छन् ।

(२) प्रमुख आयुक्त र अन्य आयुक्तको नियुक्ति **श्री ५** बाट चाहिबक्सेमा राजसभासंग परामर्श लिई गरिबक्सनेछ ।

(३) प्रमुख आयुक्त र अन्य आयुक्तको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।

(४) उपधारा (३) अन्तर्गत बनेको नियमको अधीनमा रही आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये सबै वा केही कुनै व्यक्ति वा कार्यालयलाई सुम्पन सक्नेछ ।

(५) प्रत्येक वर्ष आयोगले आफूले गरेको कामको प्रतिवेदन **श्री ५** मा चढाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 225

६७ घ. **मुद्दा हेर्ने व्यवस्था**: (१) अख्तियारको दुरुपयोगसम्बन्धी मुद्दा आयोग, प्रमुख आयुक्त वा आयुक्तद्वारा वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको सरकारी सेवामा रहेको पदाधिकारीद्वारा हेरी कारवाई किनारा हुनेछ।

(२) उपधारा (१) बमोजिम भएको निर्णय उपर प्रधान न्यायाधीशको परामर्शमा **श्री ५** बाट गठन गरिबक्सेको अदालतमा पुनरावेदन लाग्नेछ।

(३) उपधारा (१) बमोजिम मुद्दा र उपधारा (२) बमोजिम पुनरावेदन हेर्दाको कार्यविधि **श्री ५** बाट बनाइ-बक्सेको नियमद्वारा व्यवस्थित हुनेछ।

६७ ङ. **बचाउ**: यो संविधानको अन्य धारा वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि धारा ६७ ग र ६७ घ अन्तर्गत बनेको नियममा लेखिएका कुरामा सोही बमोजिम हुनेछ।"

**३८. संविधानको धारा ६९ मा संशोधन**: संविधानको धारा ६९ को,–

(१) उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) उपधारा (४) को अधीनमा रही प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशको पदावधि दश वर्षको हुनेछ। **श्री ५** बाट उपयुक्त सम्झिबक्सेमा मौसूफबाट तोकिबक्सेको अवधिसम्मको लागि निजलाई अर्को पटक पनि नियुक्त गर्न सकिबक्सनेछ।

स्पष्टीकरण– सर्वोच्च अदालतको कुनै न्यायाधीश प्रधान न्यायाधीशको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा निज सर्वोच्च अदालतको न्यायाधीश भएको अवधि समेत जोडी गणना गरिनेछ।"

(२) उपधारा (२) पछि निम्नलिखित उपधारा (२ क) र (२ ख) थपिएको छः–

"(२ क) उपधारा (२) को अधीनमा रही प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीश पैंसठ्ठी वर्षको उमेर नपुगेसम्म आफ्नो पदमा बहाल रहनेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४०

तर यो उपधाराको उमेरको हद वा उपधारा (२) को पदावधिमा जुन अगाडि पूरा हुन्छ सो मितिपछि निज आफ्नो पदमा बहाल रहने छैनन् ।

(२ ख) यो उपधारा प्रारम्भ हुँदाका बखत बहाल रहेका प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशलाई पनि उपधारा (२) र (२ क) को व्यवस्था लागू हुनेछ ।

तर उपधारा (२) बमोजिम निजहरूको पदावधि समाप्त हुने गणना गर्दा यो उपधारा प्रारम्भ भएको मितिदेखि पदावधि शुरू भएको सम्झी गणना गरिनेछ ।"

(३) उपधारा (३) र (४) को सट्टा निम्नलिखित उपधारा (३) र (४) राखिएको छः–

"(३) पैंतालीस वर्षको उमेर पुगेको नभई र देहाय बमोजिम नभई कुनै पनि व्यक्ति प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीशको पदमा नियुक्त हुन योग्य हुने छैनः–

(क) कम्तीमा क्षेत्रीय अदालतको न्यायाधीश वा सो सरहको न्यायिक पदमा पाँच वर्ष काम गरेको नभई;

(ख) कम्तीमा सरकारी वा गैर सरकारी अधिवक्ताको हैसियतमा सात वर्ष वकालत गरेको नभई; वा

(ग) **श्री ५** को विचारमा कानूनवेत्ता नभई ।

(४) प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीश–

(क) **श्री ५** का समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुने छन्; वा

(ख) कार्यक्षमताको अभाव वा खराब आचरण भएकोले वा बदनियतसाथ काम गरेकोले आफ्नो कर्तव्यपालन नगरेको हुँदा हटाउन मनासिब छ भनी **श्री ५** बाट नियुक्त गरिबक्सेको आयोगले प्रतिवेदन पेश गरेमा मौसूफबाट हटाउन सकिबक्सनेछ ।

तर त्यस्तो आरोप लागेका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीशलाई आयोगमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफ्नो सफाइ दिनको निमित्त मनासिब मौकाबाट वञ्चित गरिने छैन।"

३९. **संविधानको धारा ७१ मा वाक्यांश थप** : संविधानको धारा ७१ को शुरूमा रहेको "यो संविधानको" भन्ने शब्दहरू पछि निम्नलिखित शब्दहरू थपिएको छ:–

"व्यवस्थाको अधीनमा रही"

४०. **संविधानको धारा ७२ मा संशोधन** : संविधानको धारा ७२ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको "यस कामका निमित्त नियुक्त" भन्ने वाक्यांश झिकिएको छ।

४१. **संविधानमा धारा ७२ क थप** : संविधानको धारा ७२ पछि निम्नलिखित धारा ७२ क थपिएको छ:–

"७२ क. **न्यायिक समिति** : न्यायिक समितिको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधि श्री ५ बाट बनाइबक्सेको नियमद्वारा व्यवस्थित हुनेछ।"

४२. **संविधानको धारा ७४ मा संशोधन** : संविधानको धारा ७४ को उपधारा (१) मा रहेको "प्रधान न्यायाधीश" भन्ने शब्दहरू र "र लोक सेवा आयोगका अध्यक्ष" भन्ने शब्दहरूको बीचमा रहेको "न्याय मन्त्री" भन्ने शब्दहरूको सट्टा "कानून तथा न्याय मन्त्री वा त्यस्तो मन्त्री नियुक्त नभएको अवस्थामा मन्त्री सरह कार्यभार सह्याल्ने कानून तथा न्याय राज्यमन्त्री" भन्ने वाक्यांश राखिएको छ।

४३. **संविधानको धारा ७५ मा संशोधन** : संविधानको धारा ७५ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को सट्टा निम्नलिखित खण्ड (क) राखिएको छ:–

"(क) श्री ५ समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुनेछन्; वा"

४४. **संविधानको धारा ७७ मा संशोधन** : संविधानको धारा ७७ को,–

(१) उपधारा (४) को सट्टा निम्नलिखित उपधारा (४) राखिएको छ:–

"(४) लोक सेवा आयोगका सदस्य नियुक्त भएका मितिले छ वर्षसम्म आफ्नो पदमा बहाल रहने छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर––

(क) **श्री ५** का समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुनेछन्; वा

(ख) सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरीकाले निजलाई सो पदबाट हटाउन सकिनेछ।

(२) उपधारा (५) झिकिएको छ।"

**४५. संविधानको धारा ७८ मा संशोधन :** संविधानको धारा ७८ को,–

(१) उपधारा (१) को खण्ड (ख) र (ग) को सट्टा निम्नलिखित खण्ड (ख) र (ग) राखिएको छः–

"(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढ़ुवा र विभागीय कारवाई गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा;

(ग) निजामती पदमा छ महीनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा;"

(२) उपधारा (३ क) को सट्टा निम्नलिखित उपधारा (३ क) राखिएको छः–

"(३ क) **श्री ५** को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्थाका कर्मचारीको सेवा शर्तसम्बन्धी नियम र त्यस्तो संस्थाको सेवा वा पदमा नियुक्ति, बढ़ुवा र विभागीय कारवाई गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ। नियम र सामान्य सिद्धान्त बमोजिम गरे नगरेको लोक सेवा आयोगले सुपर्यवेक्षण गर्न सक्नेछ।"

**४६. संविधानको धारा ७८ क मा संशोधन :** संविधानको धारा ७८ क को,–

(१) उपधारा (४) को सट्टा निम्नलिखित उपधारा (४) राखिएको छः–

"(४) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदावधि पूरा नभएसम्म बहाल रहने छन्।

तर–

(क) **श्री ५** को समक्ष पेश गरेको लिखित राजीनामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मौसूफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुनेछन्; वा

(ख) सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरीकाले निजलाई सो पदबाट हटाउन सकिनेछ।

(२) उपधारा (५) झिकिएको छ।"

४७. **संविधानको धारा ७८ ख मा संशोधन** : संविधानको धारा ७८ ख को उपधारा (१) र (२) को सट्टा निम्नलिखित उपधारा (१) र (२) राखिएको छः–

"(१) यो संविधान र प्रचलित अन्य कानून बमोजिम विभिन्न तहका पञ्चायतको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ।

(२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा गराउँदा कुनै तल्लो तहको पञ्चायतको कुनै पदमा निर्वाचन नहुँदै कुनै माथिल्लो तहको पञ्चायतको निर्वाचन भएको कारणले मात्र सो निर्वाचन बदर हुने छैन।"

४८. **संविधानमा धारा ७८ ग थप** : संविधानको धारा ७८ ख पछि निम्नलिखित धारा ७८ ग थपिएको छः–

"७८ ग. **निर्वाचनसमय** : निर्वाचन आयोगले कानून बमोजिम निर्वाचन सम्पन्न गराउँदा सम्बन्धित समूहभित्रका सबै तहका पञ्चायतको निर्वाचन सामान्यतः माघ महीनादेखि चैत्र महीनाको अन्त सम्ममा सम्पन्न गर्नेछ।"

४९. **संविधानको धारा ८२ मा संशोधन** : संविधानको धारा ८२ को उपधारा (२) र (३) को सट्टा निम्नलिखित उपधारा (२) र (३) राखिएको छः–

"(२) श्री ५ बाट उपधारा (१) अन्तर्गतको अधिकारको प्रयोग विशेष समितिसंग परामर्श लिई गरिबक्सनेछ।

(३) उपधारा (२) बमोजिमको विशेष समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) राजसभा स्थायी समितिका सदस्यहरू; र

(ख) राष्ट्रिय पञ्चायतको निर्देशक समितिका सदस्यहरू।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०. **संविधानको धारा ८३ मा संशोधन :** संविधानको धारा ८३ को सट्टा निम्नलिखित धारा ८३ राखिएको छः–

"८३. **शाही नेपाली सेनाको परमाधिपत्य** : शाही नेपाली सेनाको परमाधिपत्य **श्री ५** मा रहेको **छ** ।"

५१. **संविधानको धारा ८३ क मा संशोधन** : संविधानको धारा ८३ क को उपधारा (१) मा रहेको "शाही सेनाका" भन्ने शब्दहरूको सट्टा "शाही नेपाली सेनाको" भन्ने शब्दहरू राखिएको छ ।

५२. **संविधानमा धारा ९० क थप** : संविधानको धारा ९० पछि निम्नलिखित धारा ९० क थपिएको छः–

"९० क. **बाधा अडकाउ फुकाउने अधिकार** : यो संविधान कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा सो बाधा अडकाउ फुकाउन **श्री ५** बाट आवश्यक सम्झिबक्सेको आदेश जारी गर्न सकिबक्सनेछ र त्यस्तो आदेश यसै संविधानमा परे सरह मानिनेछ ।"

५३. **संविधानको धारा ४४, ८६ ख र ९६ को खारेजी** : संविधानको धारा ४४, ८६ ख र ९६ खारेज गरिएको छ ।

५४. **संविधानको अनुसूचीमा संशोधन** : संविधानको अनुसूची ४ को सट्टा यसैसाथ संलग्न अनुसूची ४ राखिएको छ।

५५. **संविधानको अनुसूचीको खारेजी** : संविधानको अनुसूची ५ र ६ खारेज गरिएको छ।

मुद्रण विभाग

## अनुसूची ४

(धारा ३४ को उपधारा (२) को खण्ड (क) संग सम्वन्धित)

### राष्ट्रिय पञ्चायतमा निर्वाचित हुने सदस्य–संख्या

| | सदस्य–संख्या |
|---|---|
| **१. मेची अञ्चल** | |
| (१) ताप्लेजुङ्ग जिल्ला | १ जना। |
| (२) पाँचथर जिल्ला | १ जना। |
| (३) इलाम जिल्ला | २ जना। |
| (४) झापा जिल्ला | २ जना। |
| **२. कोशी अञ्चल** | |
| (१) संखुवासभा जिल्ला | १ जना। |
| (२) तेह्रथुम जिल्ला | १ जना। |
| (३) धनकुटा जिल्ला | १ जना। |
| (४) भोजपुर जिल्ला | २ जना। |
| (५) मोरङ्ग जिल्ला | २ जना। |
| (६) सुनसरी जिल्ला | २ जना। |
| **३. सगरमाथा अञ्चल** | |
| (१) सोलुखुम्बु जिल्ला | १ जना। |
| (२) ओखलढुङ्गा जिल्ला | १ जना। |
| (३) खोटाङ्ग जिल्ला | २ जना। |
| (४) उदयपुर जिल्ला | १ जना। |
| (५) सप्तरी जिल्ला | २ जना। |
| (६) सिराहा जिल्ला | २ जना। |
| **४. जनकपुर अञ्चल** | |
| (१) दोलखा जिल्ला | १ जना। |
| (२) रामेछाप जिल्ला | २ जना। |
| (३) सिन्धुली जिल्ला | १ जना। |
| (४) धनुषा जिल्ला | २ जना। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| (५) महोत्तरी जिल्ला | २ जना। |
| (६) सर्लाही जिल्ला | २ जना। |

**५. बाग्मती अञ्चल**

| | |
|---|---|
| (१) रसुवा जिल्ला | १ जना। |
| (२) धादिङ्ग जिल्ला | २ जना। |
| (३) नुवाकोट जिल्ला | २ जना। |
| (४) सिन्धुपाल्चोक जिल्ला | २ जना। |
| (५) काभ्रेपलान्चोक जिल्ला | २ जना। |
| (६) काठमाडौं जिल्ला | २ जना। |
| (७) भक्तपुर जिल्ला | १ जना। |
| (८) ललितपुर जिल्ला | १ जना। |

**६. नारायणी अञ्चल**

| | |
|---|---|
| (१) चितवन जिल्ला | २ जना। |
| (२) मकवानपुर जिल्ला | २ जना। |
| (३) पर्सा जिल्ला | २ जना। |
| (४) बारा जिल्ला | २ जना। |
| (५) रौतहट जिल्ला | २ जना। |

**७. गण्डकी अञ्चल**

| | |
|---|---|
| (१) गोरखा जिल्ला | २ जना। |
| (२) तनहूं जिल्ला | २ जना। |
| (३) मनाङ्ग जिल्ला | १ जना। |
| (४) लम्जुङ्ग जिल्ला | १ जना। |
| (५) कास्की जिल्ला | २ जना। |
| (६) स्याँगजा जिल्ला | २ जना। |

**८. धवलागिरि अञ्चल**

| | |
|---|---|
| (१) पर्वत जिल्ला | १ जना। |
| (२) म्याग्दी जिल्ला | १ जना। |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मुस्ताङ्ग जिल्ला १ जना ।
(४) बाग्लुङ्ग जिल्ला २ जना ।

९. लुम्बिनी अञ्चल

(१) गुल्मी जिल्ला २ जना ।
(२) अर्घाखाँची जिल्ला १ जना ।
(३) पाल्पा जिल्ला २ जना ।
(४) नवलपरासी जिल्ला २ जना ।
(५) रूपन्देही जिल्ला २ जना ।
(६) कपिलवस्तु जिल्ला २ जना ।

१०. राप्ती अञ्चल

(१) रुकुम जिल्ला १ जना ।
(२) रोल्पा जिल्ला २ जना ।
(३) सल्यान जिल्ला १ जना ।
(४) प्यूठान जिल्ला १ जना ।
(५) दाङ्ग जिल्ला २ जना ।

११. भेरी अञ्चल

(१) दैलेख जिल्ला २ जना ।
(२) जाजरकोट जिल्ला १ जना ।
(३) सुर्खेत जिल्ला १ जना ।
(४) बाँके जिल्ला १ जना ।
(५) बर्दिया जिल्ला १ जना ।

१२. कर्णाली अञ्चल

(१) डोल्पा जिल्ला १ जना ।
(२) जुम्ला जिल्ला १ जना ।
(३) कालीकोट जिल्ला १ जना ।
(४) मुगु जिल्ला १ जना ।
(५) हुम्ला जिल्ला १ जना ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३४८

१३. सेती अञ्चल

(१) बझाङ्ग जिल्ला १ जना ।
(२) बाजुरा जिल्ला १ जना ।
(३) डोटी जिल्ला १ जना ।
(४) अछाम जिल्ला २ जना ।
(५) कैलाली जिल्ला १ जना ।

१४. महाकाली अञ्चल

(१) दार्चुला जिल्ला १ जना ।
(२) बैतडी जिल्ला २ जना ।
(३) डडेलधुरा जिल्ला १ जना ।
(४) कन्चनपुर जिल्ला १ जना ।

सम्पूर्ण निर्वाचित सदस्य-संख्या—११२

लालमोहर सदर मितिः— २०३२।८।२६।६

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।